# काावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

**कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण**

**मितिः २०७७/१/१८**

१. **सहयोग आह्वान गर्ने सम्बन्धमाः** प्रस्ताव नं १ माथी छलफल गर्दा विश्व व्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको सङ्क्रमणलाई नियन्त्रण गर्नका लागि नेपाल सरकार बाट जारी लकडाउनको समयमा कावासोती नगरपालिका क्षेत्रका अति विपन्न गरिब एवम दैनिक रुपमा काम गरेर जिवन गुजारा गर्ने स्थानिय समुदायका व्यक्तीहरुलाई यस विसम समयमा दैनिकि जिवनयापन गर्नका लागि एकदमै अप्ठ्यारो अवस्था सृजना भएको हुनाले निर्धारित राहत मापदण्ड अनुसार छानिएका व्यक्तीहरुलाई राहत वितरणका लागि कावासोती नगरपालिका बाट प्रयास भै रहेको अवस्थामा कावासोती नगरपालिका क्षेत्र भित्रका विभिन्न सङ्घसंस्था, महिला समूह, क्लब, विद्यालय/कलेज लगायत अन्य विभिन्न व्यक्तीहरु बाट सबै प्रकारको सहयोगका लागि आह्वान गर्ने भनि सर्वसमिति बाट निर्णय पारित गरियो।

२. **राहत रकम बाँडफाड सम्बन्धमाः** प्रस्ताव नं. २ माथी छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोगको नियन्त्रण र रोकथाम गर्न लागू भएको देश व्यापी लकडाउन र सोका कारण दैनिक ज्याला मजदुरी गरि जिवन निर्वाह गर्ने नागरिकहरुलाई न्यूनतम जिवन निर्वाहका लागि कार्यपालिका बैठक बाट रु २००००००।– (बिस लाख रुपैया मात्र) विनियोजन भएको र सोही रकम वडा कार्यालयहरु बाट तयार भै प्राप्त अति विपन्नको सूचिमा उल्लेखित व्यक्तीहरुलाई आधार मानी राहत प्याकेज तयार गरेकोमा अति विपन्नहरुको सूची पुनः प्रमाणिकरण गरि पठाइ दिनुहुन भनि अनुरोध गरेको अवस्थामा वडा कार्यालय बाट प्रारम्भिक तथ्याङ्क भन्दा अझ बढि ठुलो सङ्ख्यामा विपन्नहरुको तथ्याङ्क पठाउनु भएकोले मिति २०७६/१२/१७ को निर्णयबाट पठाइएको राहत प्याकेज लाई हाल खारेज गरि विनियोजित रकम वडामा निम्नानुसारको राहत वितरण प्याकेजका लागि पठाउने र राहत प्याकेजमा प्रति घरधुरी १५ के.जी. मोटा चामल, २ के.जी. मसुरोको दाल, खाने तेल १/२ लि., नुन १ पोका र हात धुने सावुन १ वटा समावेश गरि बढिमा रु १२००।– राहत प्याकेज तयार गरि वडा बाट प्रमाणित अति विपन्नहरुको सूचीमा उल्लेखित लाभग्राही लाई वितरण गर्ने, राहतका सामान खरिद गर्दा सार्वजनिक खरिद ऐनको पुर्ण पालना गर्ने र वितरण प्रकृयामा पत्रकार, नागरिक समाजका प्रतिनिधि, स्थानिय प्रहरी र जनप्रतिनिधिहरुको उपस्थितिमा वितरण गरि पारदर्शिता अवलम्बन गर्ने गरि प्रत्येक वडा कार्यालयले व्यवस्था मिलाउने  निर्णय गरियो।

**राहत रकम विवरण**

| क्र.स. | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | १ | १९२०००।- | |

| | | | |
|---|---|---|---|
| २ | २ | ८४०००।- | |
| ३ | ३ | १७८८००।- | |
| ४ | ४ | ६३६००।- | |
| ५ | ५ | ६००००।- | |
| ६ | ६ | १३२०००।- | |
| ७ | ७ | ११५२००।- | |
| ८ | ८ | १५६०००।- | |
| ९ | ९ | ८७६००।- | |
| १० | १० | ८७६००।- | |
| ११ | ११ | ५८८००।- | |
| १२ | १२ | ६३६००।- | |
| १३ | १३ | १०२०००।- | |
| १४ | १४ | ११४०००।- | |
| १५ | १५ | १८८४००।- | |
| १६ | १६ | १४७६००।- | |
| १७ | १७ | १६८०००।- | |
| **जम्मा** | | **१९,९९,२००।-** | |

**राहत प्याकेज विवरणः**

| क्र.स. | विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १ | चामल | १५ के.जी. | ५५ | ८२५ |
| २ | तेल | १/२ लि. | ९० | ९० |
| ३ | दाल | २ के.जी. | १२० | २४० |
| ४ | नुन | १ पोका | २० | २० |
| ५ | सावुन | १ वटा | २५ | २५ |
| जम्मा | | | | १२०० |

३. निर्णय नं. २ मा उल्लेखित बाहेक थप स्रोत जुटेमा उल्लेखित प्याकेज अनुसार पुनः वितरणको व्यवस्था मिलाउने निर्णय गरियो।

४. राहत वितरणका लागि प्रत्येक वडा बाट पुन संशोधन गरि विपन्न बर्गहरुको नामावली माग भएकोमा वडा कार्यालय बाट प्राप्त गरिएको नामावलीमा अति विपन्न, गरिब बर्गका दैनिक रुपमा ज्याला मजदुरी गरि जिवन निर्वाह गर्ने व्यक्तीहरुलाई पुनः वडा कार्यालय बाट छनौट गरि निर्णय नं. २ मा उल्लेखित प्याकेज अनुसार विनियोजित राहत रकम बाट राहत वितरण गर्ने भनि निर्णय पारित गरियो।

५. **कुटानी पिसानी सम्बन्धमाः** प्रस्ताव नं. ३ माथी छलफल गर्दा देशभरि लकडाउनको समयमा यस कावासोती नगरपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण कुटानी पिसानी गर्ने मिलहरु विश्वव्यापी रुपमा फैलिरहेको कोरोनाको सङ्क्रमणबाट उचित सजकता अपनाउदै भिडभाड नहुने गरि नगर क्षेत्र भित्रका सबै कुटानी पिसानी मिलहरु हरेक दिन विहान ११ बजे देखि १ बजे सम्म सञ्चालन गर्ने र जनताहरुलाई आवश्यक परेको सुविधा उपलब्ध गराउने भनि निर्णय पारित गरियो ।

६. **पारदर्शिता र अवलम्बन गर्ने सम्बन्धमाः** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस कावासोती नगरपालिका अन्तरगतका वडा बाट प्रमाणिकरण गरि पठाइएका राहत लिने लाभग्राहीको नामावलीको आधारमा स्थानिय नागरिक समाज अगुवा, पत्रकार, स्थानिय प्रहरी र स्थानिय जनप्रतिनिधिहरुको उपस्थितिमा राहत वितरण गर्ने र अनिवार्य रुपमा लाभग्राहीको नामावली वडा कार्यालयमा टाँस गर्ने र नगरपालिकाको वेवसाइड मार्फत सार्वजनिकरण गर्ने र राहत वितरणमा दोहोरो नपर्ने गरि वितरण गर्ने भनि निर्णय पारित गरियो ।

७. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आज मितिमा प्राप्त जिन्सी तथा रकम विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो ।

| क्र.स. | सहयोग पुर्याउनुहुने संस्था/व्यक्तीको नाम | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय नवलपरासी(ब.सु.पू) | ० | १ | ० | थर्मल गन |

८. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाट कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा नगरपालिकाको कर्मचारीको तर्फबाट विपत व्यवस्थापन समितिको मिति २०७६/१२/२६ गतेको निर्णयमा कुल रु ४४७३८३ आय तर्फ उल्लेख भएकोमा नगरपालिकाको स्वास्थ्य कर्मचारीको तलब फिर्ता गरि जम्मा रु २७९००६।– मात्र बैङ्क दाखिला गरिएको व्यहोरा निर्णय गरियो ।